पत्रोत्तर प.सं, च.नं. र मिति उल्लेखित हुन अपेक्षित छ ।

दिप्रुङ चुइचुम्मा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

याङसीलाटार, खोटाङ

प्रदेश नं. १, नेपाल

आ.व. २०७९/८०

सूचना नं. ४८

मिति: २०७९/१०/१०

"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास , समृद्धि र सुशासन"

## स्थानीय तह वित्तीय सुशासन जोखिम मुल्याङ्कन (Fiduciary Risk Assessment) को अङ्क सार्वजनिक गरिएको बारे सूचना

स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ (संशोधन सहित) मा ब्यवस्था भए बमोजिम दिप्रुङ चुइचुम्मा गाउँपालिकाको आ. व. २०७८/७९ को वित्त व्यवस्थापनका सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र लेखाजोखा सम्पन्न गरी स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (Fudiciary Risk Assessment - FRA) को अनलाईन प्रणालीबाट प्राप्त अन्तिम नतिजा ५९ अंकलाई गाउँ कार्यपालिकाको मिति २०७९/१०/०५ गतेको चौधौं बैठकबाट अनुमोदन गरी अन्तिम नतिजा सार्वजनिक गरिएको ब्यहोरा सम्बन्धित सवैको जानकारीका लागि अनुरोध छ ।

२०७९/१०/१०

लोकेन्द्र बहादुर राई

प्रमुख प्रशासकीय अधिकृत

# दिप्रुङ चुइचुम्मा गाउँपालिका

0 100

## विवरण

| | |
|---|---|
| प्रदेश: | प्रदेश नम्बर १ |
| जिल्ला: | खोटाँग |
| नगरपालिका/ गाउँपालिका: | दिप्रुङ चुइचुम्मा गाउँपालिका |
| ईमेल: | info@diprungchuichummamun.gov.np |
| वेबसाइट: | diprungchuichummamun.gov.np |

## जम्मा प्राप्ताङ्क

| | |
|---|---|
| समग्र स्थिति | ५८.४९% |
| प्रक्रियागत स्थिति | ६५.३८% |
| परिमाणात्मक स्थिति | ५७.३५% |
| औसत: | ५९% |

## मूल्याङ्कन विषयक्षेत्रहरु

## मूल्याङ्कन विषयक्षेत्रहरु

स्कोर प्रतिशत


- योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन — 73.81%
- कार्यान्वयन क्षमता तथा व्यवस्थापन — 63.79%
- लेखाङ्कन तथा प्रतिवेदन — 64.71%
- अनुगमन, मुल्यांकन तथा लेखापरीक्षण — 53.13%
- राजस्व व्यवस्थापन — 32.35%




## FRA Ranking Index



## FRA Ranking Index



score

## स्कोर तालिका

Search

| क्र.स. | प्रकियाको चरण | प्रस्तावित मिति | सम्पन्न मिती | नतिजा |
|---|---|---|---|---|
| १ | गापा/नपाबाट अनुशिक्षण सम्पन्न | २०८०-१-१८ | २०८०-१-१० | सम्पन्न |
| २ | गापा/नपाबाट प्रारम्भिक नतिजा तयार | २०८०-२-१ | २०७९-१०-४ | ६० |
| ३ | जि.स.स.बाट मूल्याङ्कन गर्न तय मिति | २०८०-२-१८ | २०७९-१०-५ | सम्पन्न |
| ४ | जि.स.स.बाट प्रारम्भिक नतिजा तयार | २०८०-२-३२ | २०७९-१०-९ | ५९ |
| ५ | जि.स.स.बाट तयार प्रारम्भिक नतिजामा गापा/नपाको पृष्ठपोषण | २०८०-३-१६ | २०७९-१०-१० | सम्पन्न |
| ६ | जि.स.स.बाट अन्तिम नतिजा तयार | २०८०-३-३१ | २०७९-१०-१० | ५९ |

कागजातहरु हेर्नुहोस

Search

Search

| क्र.सं. | सूचक | प्राप्ताङ्क | नपा/गापाबाट प्रारम्भिक नतिजा | जि.स.स.बाट प्रारम्भिक नतिजा | जि.स.स.बाट अन्तिम नतिजा |
|---|---|---|---|---|---|
| 1 | १.१.१ मध्यमकालीन खर्च संरचना सहित विनियोजन ऐन, आर्थिक ऐन र वार्षिक बजेट तथा कार्यक्रमला ाइ असार १० गतेभित्र सभामा पेश गरी सभाबाट असार मसान्तसम्ममा पारित गरिएको। (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१) | 1.00 | 1 | 0 | 0 |
| 2 | १.१.२.१ एकीकृत/आवधिक विकास योजना तर्जुमा गर्दा भौगोलिक सूचना प्रणाली (Geographical Information System) मा आधारित रही स्थानगत आधार(Spatial Based) मा तयार भएको । | 0.50 | 0 | 0 | 0 |
| 3 | १.१.२.२ एकीकृत/आवधिक विकास योजना तर्जुमा गर्दा सो योजनामा श्रोत नक्सा सहित भू-उपयोग योजना, यातायात गुरुयोजना, वातावरण व्यवस्थापन योजना, स्थानीय पूर्वाधार विकास योजना, स्थानीय आर्थिक विकास योजना र सामाजिक विकास योजना समेत समावेश गरी सभाबाट स्वीकृत गरिएको। | 0.50 | 0.5 | 0.5 | 0.5 |
| 4 | १.१.३ एकीकृत आवधिक विकास योजना तर्जुमा गर्दा सो योजना कार्यान्वयनका लागि योजना अवधिभरका निमित्त आवश्यक स्रोत र साधनको अनुमान सहित परियोजनाको सूची तयार गरिएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ (४) | 1.00 | 1 | 1 | 1 |
| 5 | १.१.४ स्थानीय तहको क्षेत्रमा कार्यरत गैरसरकारी संस्था र सामुदायिक संघसंस्थाले आफ्नो वार्षिक योजना, कार्यक्रम तथा बजेट स्थानीय तहको वार्षिक योजना, कार्यक्रम तथा बजेटमा समावेश गरेर मात्र कार्यान्वयनमा ल्याउने गरेको। (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ (२) (ख) | 1.00 | 1 | 1 | 1 |
| 6 | १.१.५ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले फागुन महिनाभित्र आगामी वर्षका लागि स्रोत अनुमानको आधारमा बजेटको कुल सीमा निर्धारण गरी सो सीमाअनुसार सभाबाट बजेट तथा कार्यक्रम पारित भएको ।(स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ (३) (ग) | 1.00 | 1 | 1 | 1 |
| 7 | १.१.६ आगामी आ.व.को बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत बजेट प्रक्षेपण गरेको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ (३) र (६) | 1.00 | 1 | 1 | 1 |
| 8 | १.१.७.१ वार्षिक बजेट तथा कार्यक्रमको तर्जुमाका लागि स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन भई सो समितिले आगामी आ.व.का लागि विषयगत क्षेत्रको बजेट सीमा निर्धारण गरेको र सोही सीमाभित्र रही विषयगत क्षेत्रको वजेट तथा कार्यक्रम तर्जुमा गरेको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६) | 0.50 | 0.5 | 0.5 | 0.5 |

| | | | | | |
|---|---|---|---|---|---|
| 9 | १.१.७.२ आगामी वर्षको बजेट सीमालाई चालु आ.व.को वैशाख १५ गतेभित्र प्रमुख प्रशासकीय अधिकृतले विषयगत महाशाखा, शाखा तथा वडा समितिलाई उपलब्ध गराएको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६) | 0.50 | 0.5 | 0.5 | 0.5 |
| 10 | १.१.८.१ जुनसुकै स्रोतबाट प्राप्त भएको चल अचल सम्पत्तिको जिन्सी आम्दानी बाँधी लगत राखेको । | 0.50 | 0.5 | 0.5 | 0.5 |
| 11 | १.१.८.२ जुनसुकै स्रोतबाट प्राप्त भएको चल अचल सम्पत्तिको प्रयोग गर्नेको भर्पाई सहितको सहायक खाता रहेको । | 0.50 | 0.5 | 0.5 | 0.5 |
| 12 | १.१.९ बजेट तथा कार्यक्रम तर्जुमा गर्दा संघ र प्रदेशबाट प्राप्त मार्गदर्शनको पालना भएको। | 1.00 | 0 | 0 | 0 |
| 13 | १.१.१०.१ वार्षिक बजेट तथा कार्यक्रमको तर्जुमाका लागि स्थानीय तहको उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन भई सो समितिको बैठक बस्ने गरेको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७) | 0.50 | 0.5 | 0.5 | 0.5 |
| 14 | १.१.१०.२ वार्षिक बजेट तथा कार्यक्रमको तर्जुमाका लागि समितिले निर्धारण गरेको बजेट सीमाभित्र रही स्थानीय योजना तथा कार्यक्रमलाई प्राथमिकीकरण गरी बजेट विनियोजन गर्ने गरिएको। (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७) | 0.50 | 0.5 | 0.5 | 0.5 |
| 15 | १.१.११ वैदेशिक सहायतामा सञ्चालित कार्यक्रमहरू नेपाल सरकारको स्वीकृति लिएर मात्र सञ्चालन गरिएको । (अन्तर-सरकार वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १२-४) | 1.00 | 0 | 0 | 0 |
| 16 | १.१.१२.१ स्थानीय तहले आन्तरिक ऋण लिनुअघि नेपाल सरकारको सहमति लिई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको सीमाभित्र लिने गरिएको । (अन्तर-सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा १४-३ र 16-1) | 0.50 | 0 | 0 | 0 |
| 17 | १.१.१२.२ स्थानीय तहले आन्तरिक ऋण लिनुअघि स्थानीय तहको ऋण दायित्वको अद्यावधिक अभिलेख राखिएको। (अन्तर-सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा १४-३ र 16-1) | 0.50 | 0 | 0 | 0 |
| 18 | १.१.१३ आगामी आर्थिक वर्षको लागि आय-व्ययको प्रक्षेपण गरी यससम्बन्धी प्रतिवेदनलाई प्रत्येक वर्षको पौष मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालयमा पेश गरेको । (अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको दफा १८) | 1.00 | 0 | 0 | 0 |
| 19 | १.१.१४ संचित कोषको व्यवस्थापनका लागि एकल खाताको प्रयोग हुने गरेको। | 1.00 | 1 | 1 | 1 |
| 20 | १.१.१५ स्थानीय तहमा रहेका विभिन्न कोषहरुको व्यवस्था तथा सञ्चालन गर्दा कानून बनाएर मात्र गर्ने गरिएको। | 1.00 | 1 | 1 | 1 |